नगर सभाबाट स्वीकृत मितिः २०८२।०३।१०

# नलगाड नगरपालिकाको आर्थिक ऐन, २०८२

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

# नलगाड नगरपालिकाको आर्थिक ऐन,२०८२

प्रस्तावनाः- नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८ २/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २ २८ को उपधारा (२) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नलगाड नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशित भए पछि नलगाड नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः- (१) नलगाड नगरपालिका क्षेत्रभित्र अनुसूचि—१ बमोजिम करदाताले स्वयं कर प्रणाली बमोजिम घोषणा गरे अनुसारको सम्पत्तिमा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईनेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घर जग्गाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ ।

(क) घर र घर जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घर जग्गामा सम्पत्ति कर लाग्ने छैन ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्त्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएको सरकारी शिक्षण संस्था , कम्पनी, समिति, प्राधिकरण, वोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएका संघ संस्थाको, कम्पनी घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा,

३. भूमि कर (मालपोत):- नलगाड नगरपालिकाले नगरपालिका क्षेत्रभित्र अनुसूचि—२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

(२) एकिकृत सम्पती कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाईने छैन ।

(३) प्रत्येक आर्थिक बर्षको समाप्ति सम्म नबुझाएमा बक्यौता रकमको १० प्रतिशत जरिवाना लगाइनेछ ।

४. घर जग्गा वहाल करः- नलगाड नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा अथवा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूचि—३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय करः- नलगाड नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची —४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडिबुटी ,कृषि जन्य उपज, कवाडी र जीवजन्तु करः - नलगाड नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि जन्य उत्पादन बस्तुको निर्यात ,चिउरीको बिजुला ऊन ,खोटो , कवाडी माल र प्रचलित ,वनकस ,जडिबुटीध कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड छाला ,प्वाँख ,सिङ ,जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु हुने छैन ।

७. सवारी साधन करः- नगरपालिकाले रिक्सा, अटो रिक्सा र ई—रिक्साको अनुसूची -६ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

८. विज्ञापन करः- नलगाड नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि -७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

९. मनोरञ्जन करः- नलगाड नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर्णाली प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. बहाल बिटौरी शुल्कः- नलगाड नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट , बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना र जग्गाको भोकचलन/उपयोग वाफत अनुसूचि - ८ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. सेवा शुल्क दस्तुरः- ,नलगाड नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची –९ मा व्यवस्था भए

अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर तोकिएको समयमा स्थानीय पूर्वाधारको काम सम्पन्न नगर्ने व्यक्ति र उपभोक्ता समितिबाट अनुसूची - १० बमोजिम दण्ड जरिवाना लगाईने र असुल उपर गरिनेछ ।

१२. खानी तथा खनिज शुल्कः - नलगाड नगरपालिका ले आफ्नो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासीका लागि सिफारिस र दर्ता एवं निकासी परिमाण मा अनुसूची- ११ मा उल्लेखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असुल उपर गरिनेछ । तर संघ तथा प्रदेश कानूनसँग बाझिने गरी कुनै किसिमको कर लगाइने र असुल गरिनेछैन ।

१३. सामुदायिक वनबाट आय प्राप्त गर्ने :- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराई अनुसूची - १२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको विक्रि वापत प्राप्त हुने रकम असुल उपर गरिनेछ ।

१४. पार्किङ शुल्क:- नगरपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलव्ध गराए वापत अनुसूची —१३ मा उल्लेखित शुल्क लगाईने तथा असुल उपर गरिने छ ।

१५. दण्ड जरिवाना :- यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिएको समयावधीमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति , व्यवसायी, कम्पनी, संघ संस्था आदि) लाई प्रति वर्ष १०% (दश प्रतिशत) को दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ ।

१६. कर, शुल्क वा दस्तुर लगाउन नपाउने:- नगरपालिकाले प्रचलित कानुन बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सक्ने छैन ।

१७. कर छुटः- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. नियम, कार्यविधी र मापदण्ड बनाउन सक्ने :- यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ ।

१९. यसै बमोजिम भएको मानिने :- यो ऐन जारी हुनुभन्दा अघि भएका कर , सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची –१

## (दफा २ को सम्पत्ति कर सँग सम्बन्धित)

घर र घरले ओगटेको क्षेत्रफलको करः-

| क्र.स. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | रु १ देखि रु १ लाख सम्म | २५० | |
| २ | रु १ लाख १ रुपैयाँ देखि ५ लाख रुपैयाँ सम्म | ३५० | |
| ३ | रु ५ लाख १ रुपैयाँ देखि १० लाख रुपैयाँ सम्म | ५०० | |
| ४ | रु १० लाख १ रुपैयाँ देखि २० लाख रुपैयाँ सम्म | ७५० | |
| ५ | रु २० लाख १ रुपैयाँ देखि ५० लाख रुपैयाँ सम्म | १००० | |
| ६ | रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँ सम्म | २००० | |
| ७ | रु १ करोड १ रुपैयाँ देखि २ करोड रुपैयाँ सम्म | ५००० | |
| ८ | रु २ करोड १ रुपैयाँ देखि ५ करोड रुपैयाँ सम्म | १०००० | |
| ९ | रु ५ करोड १ रुपैयाँ देखि माथि | रु १ प्रति हजार | |

## अनुसूची –२

### (दफा ३ को भूमि कर (मालपोत) सँग सम्बन्धित)

| क्र.स. | जग्गाको विवरण | करको दररु. | कैफियत |
|---|---|---|---|
| १ | जाजरकोट डोल्पा राजमार्ग आसपास ५० मिटर भित्र | प्रति रोपनी रु १२० | |
| २ | कालीमाटी, दल्ली र छेप्का बजार क्षेत्र | प्रति रोपनी रु २५० | |
| ३ | कालीमाटी, दल्ली र छेप्का बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ७० | |
| ४ | सडक पहुँच भएको ५० मिटर क्षेत्रभित्र | प्रति रोपनी रु ६० | |
| ५ | सडक पहुँच नभएको क्षेत्रका जग्गा | प्रति रोपनी रु ४० | |
| ६ | तल्लुबगर बजार क्षेत्रभित्र | प्रति रोपनी रु २०० | |
| ७ | तल्लुबगर बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ५० | |
| ८ | कैना बजार क्षेत्र भित्र | प्रति रोपनी रु १५० | |
| ९ | कैना बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ५० | |
| १० | चौखा बजार क्षेत्र भित्र | प्रति रोपनी रु १५० | |
| ११ | चौखा बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ४० | |
| १२ | मन्मै बजार क्षेत्र भित्र | प्रति रोपनी रु १५० | |
| १३ | मन्मै बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ५० | |

## अनुसूची –३

### (दफा ४ को घर जग्गा वहाल कर सँग सम्बन्धित)

| क.स. | विवरण | कायम करको दर | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी रकमको | १० प्रतिशत | |

<u>अनुसूची- ४</u>

(दफा ५ को व्यवसाय कर सँग सम्बन्धित)

| क्र. सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| **क** | **सुनचाँदीको गरगहना** | | |
| १ | वार्षिक रु. १० लाख सम्मको खुद्राकारोवारमा प्रतिवर्ष | २,००० | |
| २ | वार्षिक रु. ३० लाख सम्मको खुद्राकारोवारममा प्रतिवर्ष | २,५०० | |
| ३ | वार्षिक रु. ३० लाख भन्दा माथिको कारोबारमा प्रतिवर्ष | ५,५०० | |
| ४ | थोक व्यापारमा प्रतिवर्ष | १०,००० | |
| **ख** | **मदिरा** | | |
| ५ | खुद्राव्यापारमा प्रतिवर्ष | २,५०० | |
| ६ | थोक व्यापारमा प्रतिवर्ष | ५,००० | |
| **ग** | **ईलेक्ट्रोनिक, इलेक्ट्रिक** | | |
| ७ | खुद्रा व्यापारमा प्रतिवर्ष | २,५०० | |
| ८ | थोक व्यापारमा प्रतिवर्ष | ३,५०० | |
| **घ** | **खाद्यान्न तथा किराना** | | |
| ९ | घुम्ती र गाँउ क्षेत्रका साना घुम्ती पसल प्रतिवर्ष | १,००० | |
| १० | वार्षिक रु १० लाख सम्मको खुद्रा कारोबार गर्ने प्रतिवर्ष | २,००० | |
| ११ | वार्षिक रु. १० लाख भन्दा माथिको खुद्राकारोवार गर्ने प्रतिवर्ष | ३,००० | |
| १२ | खाद्यान्न तथा किराना सामानको थोकप्रतिवर्ष | ५,००० | |
| **ङ** | **कपडा तथा फेन्सी** | | |
| १३ | कपडा तथा फेन्सी सामानको खुद्राप्रतिवर्ष | ३,००० | |
| १४ | कपडा तथा फेन्सी सामानको थोक प्रतिवर्ष | ५,००० | |
| **च** | **टेलरिङ्ग** | | |
| १५ | कपडा तथा सिलाइ कटाइ खुद्राप्रतिवर्ष | २,५०० | |
| १६ | सिलाइ कटाईखुद्राप्रतिवर्ष | २,००० | |
| **छ** | **औषधी पसल** | | |
| १७ | औषधी पसल खुद्राप्रतिवर्ष | १,५०० | |
| १८ | औषधी पसल थोक प्रतिवर्ष | ३,००० | |
| **ज** | **सुर्तीजन्य पदार्थ** | | |
| १९ | सुर्तीजन्य पदार्थको थोक प्रतिवर्ष | ३,००० | |
| २० | सुर्तीजन्य पदार्थको खुद्राप्रतिवर्ष | १,५०० | |
| **झ** | **स्टेशनरी** | | |
| २१ | स्टेशनरी सामानको खुद्राप्रतिवर्ष | २००० | |
| २२ | स्टेशनरी सामानको थोक प्रतिवर्ष | ५,००० | |
| **ञ** | **भाँडा पसल** | | |
| २३ | भाँडा पसल खुद्राप्रतिवर्ष | २,५०० | |

| | | | |
|---|---|---|---|
| २४ | भाँडा पसल थोक प्रतिवर्ष | ५,००० | |
| **ट** | **हार्डवेयर** | | |
| २५ | हार्डवेयर पसल खुद्राप्रतिवर्ष | ५,००० | |
| २६ | हार्डवेयर पसल थोक प्रतिवर्ष | १०००० | |
| **ठ** | **होटल व्यवसाय** | | |
| २७ | खाजातथा नास्ताको व्यवसाय | १,५०० | |
| २८ | खाजा, नास्ता र खाना व्यवसाय प्रतिवर्ष | २,५०० | |
| २९ | खाजा, खाना र बास प्रतिवर्ष | ३,००० | |
| ३० | होम स्टे | १००० | |
| **ड** | **सैलुन व्यवसाय** | | |
| ३१ | सैलुन व्यवसाय प्रतिवर्ष | १५०० | |
| **ढ** | **निर्माण व्यवसायी र उद्योग** | | |
| ३२ | निर्माण व्यवसाय/उद्योग प्रतिवर्ष | ३,००० | |
| ३३ | उत्पादनमुलक उद्योग व्यवसाय प्रतिवर्ष | ३,००० | |
| ३४ | उर्जामुलक उद्योग प्रतिवर्ष | ३,००० | |
| ३५ | ग्रिल उद्योग | १०००० | |
| **ण** | **कृषि तथा पशुपन्छि** | | |
| ३६ | कृषि तथा पशुपन्छि फर्म/व्यवसाय दर्ता दस्तुर<br>(कारोवार अनुसार अधिकतम रु.३०००) | १,००० | |
| ३७ | कृषि तथा पशुपन्छि फर्म/ व्यवसाय नवीकरण दस्तुर | २५० | |
| ३८ | कृषि तथा पशुपन्छि फर्म /व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि दस्तुर | २०० | |
| **त** | **निजि विद्यालय** | | |
| ३९ | प्राथमिक | ६,००० | |
| ४० | आधारभूत | ८००० | |
| ४१ | माध्यामिक | १०,००० | |
| **थ** | **ग्यारेज** | | |
| ४२ | दुई पाङ्गे र तीन पाङ्गे ग्यारेज प्रतिवर्ष | ८,००० | |
| ४३ | चार पाङ्गे ग्यारेज प्रतिवर्ष | १०,००० | |
| **द** | **सहकारी** | | |
| ४४ | वार्षिक रु. १० लाख सम्म कारोवार प्रतिवर्ष | १,५०० | |
| ४५ | वार्षिक रु. ३० लाख सम्म कारोवार प्रतिवर्ष | २,००० | |
| ४६ | वार्षिक रु. ३० लाख भन्दा माथिको कारोवार प्रतिवर्ष | ५,००० | |
| **ध** | **वित्तीय संस्था** | | |
| ४७ | वार्षिक रु. ५० लाख सम्म कारोवार प्रतिवर्ष | ५,५०० | |
| ४८ | वार्षिक रु. १ करोड सम्म कारोवार प्रतिवर्ष | ११,००० | |
| ४९ | वार्षिक रु. १ करोड भन्दा माथि कारोवार प्रतिवर्ष | २७,५०० | |
| ५० | विमा कम्पनीको शाखा | ५५०० | |
| **न** | **छापाखाना** | | |

| | | | |
|---|---|---|---|
| ५० | छापाखाना व्यवसाय प्रतिवर्ष | ३,००० | |
| **प** | **अन्य संस्था** | | |
| ५१ | नाफामुलक संस्थाहरु प्रतिवर्ष (Institute)<br>(व्यवसाय अनुसार अधिकतम रु. ५०००) | ३,००० | |
| ५२ | मनि ट्रान्सफर प्रतिवर्ष | २,००० | |
| **फ** | **घट्ट** | | |
| ५३ | दर्ता शुल्क | २००० | |
| ५४ | घट्ट प्रति महिना | १०० | |
| **ब** | **फलफुल तथा तरकारी** | | |
| ५५ | सागसब्जी तरकारी तथा फलफुल प्रतिवर्ष | ३००० | |
| **भ** | **फोटो स्टुडियो** | | |
| ५६ | फोटो स्टुडियो प्रति वर्ष | ३००० | |
| **म** | **पेट्रोलियम व्यवसाय** | | |
| ५७ | डिजेल पेट्रोल खुद्रा प्रति वर्ष | ३३०० | |
| ५८ | डिजेल पेट्रोल थोक प्रति वर्ष | ११००० | |
| **य** | **फिरन्ते व्यापारी सिजनल व्यापारी प्रति वडा** | **५००** | |
| **र** | **मासु पसल** | | |
| ५९ | कुखुराको मासु पसल | २००० | |
| ६० | खसिको मासु पसल | ३००० | |
| ६१ | माछाको मासु पसल | २५०० | |
| **ल** | **अन्य** | | |
| ६२ | माथिका वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी वार्षिक | २००० | |

नोटः दुई वा दुइभन्दा बढी फरक फरक प्रकृतिका व्यवसाय गर्ने व्यवसायीलाइ अनुसूची -४ मा उल्लेखित करको दर अनुसार फरक कारोवारको फरक फरक कर असुल गरिनेछ ।

<u>अनुसूची –५</u>

<u>(दफा ६ को जडिबुटि, कृषिजन्य उपज, कवाडी र जीवजन्तु कर सँग सम्बन्धित)</u>

| क्र.स. | विवरण | कायम करका दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चुके लट्टी प्रति के.जी. | ११ | |
| २ | टिमुर प्रति के.जी. | २० | |
| ३ | गुच्ची च्याउ प्रति किलो | १,००० | |
| ४ | पुन्य च्याउ प्रति किलो | २०० | |
| ५ | खिराङ्गलो प्रति किलो | १५ | |
| ६ | भिरमौरी मह प्रति किलो] | ३५ | |
| ७ | खोटो जम्मा मूल्यको | १० प्रतिशत | |
| ८ | लसुन प्रति के जि | १ | |
| ९ | सेराना जात मह प्रति के जि | २० | |
| १० | किवि प्रति के जि | ३ | |
| ११ | सुन्तला  प्रति के जि | १ | |
| १२ | मौरी गोला सहित आधुनिक घार प्रति घार | १०० | |
| १२ | फलफूल विरुवा प्रति गोटा | ०.२५ | |
| १३ | पदमचाल्नो प्रति के.जी. | १५ | |
| १४ | अन्य कृषिजन्य उपजको निर्यात प्रति के जी | १ | |
| १५ | मकै प्रति के जी | १ | |
| १६ | चिउरीको बिजालु प्रति के जी | १ | |
| १७ | निषेधित बाहेकका वनजन्य, पशुजन्य र कवाडीजन्य बस्तुहरु (माथि उल्लेख नगरिएका बस्तुहरुमा) | मूल्यको १० प्रतिशत | |

## अनुसूची —६

(दफा ७ को सवारी साधन कर सँग सम्बन्धित)

| क.स. | विवरण | सवारी करका दर रु. | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा, अटो रिक्सा तथा ई-रिक्साको दर्ता शुल्क | ५,००० | |
| २ | रिक्सा, अटो रिक्सा तथा ई-रिक्साको नवीकरण शुल्क | २,००० | |
| ३ | रिक्सा, अटो रिक्सा तथा ई-रिक्साको बाटो इजाजतपत्र दस्तुर | ५०० | |
| ४ | रिक्सा, अटो रिक्सा तथा ई-रिक्साको अन्य सेवा शुल्क, तथा कर सम्बन्धी व्यवस्थाहरु | सवारी साधन सञ्चालन मापदण्ड बमोजिम | |

अनुसूची —७

<u>(दफा ८ को विज्ञापन कर सँग सम्बन्धित)</u>

| क्र.स. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नगर क्षेत्रमा प्रचार आदिका लागि राख्ने साइन वोर्डमा कर लाग्नेछ | | |
| १.१ | डिजिटल डिस्प्लेहरु प्रति वर्गफुट | ५०० | |
| १.२ | पर्खाल, वार, भित्ता आदिमा आफ्नो संस्थाको रंग पोत्ने प्रतिवर्ग फुट | ५०० | |
| १.३ | सार्वजनिक स्थान प्रतिक्षालयमा राख्ने विज्ञापन सामग्रीमा प्रति वर्गफुट | ३०० | |
| १.४ | उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्गफुट | ५०० | |
| १.५ | पोल व्यानर, प्रति हप्ता प्रति व्यानर | ५०० | |
| १.६ | खेलकुद मैदानमा गरिने विज्ञापन प्रतिदिन | २०० | |
| १.७ | ठेलागाडा, रिक्सामा गरिने प्रचार प्रतिदिन | ४० | |
| २ | सवारी साधनमा गरिने विज्ञापन | | |
| २.१ | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्गफुट | ५० | |
| २.२ | सवारी साधनको ढोका वा अन्य भागको विज्ञापन प्रति वर्गफुट | ४० | |
| २.३ | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्गफुट | ६० | |
| २.४ | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माईकिङ्ग प्रतिदिन | ५०० | |
| २.५ | अन्य सवारी साधनमा राखिने कुनै प्रकारको विज्ञापन प्रति फुट | ५० | |
| ३ | अनलाईन विज्ञापन प्रतिघन्टा | २०० | |
| ४ | एम. एम. विज्ञापन | | |
| ४.१ | प्राइम टाइमप्रति मिनेट<br>(बिहान ६बजे देखी बिहान ९ बजे सम्मर साँझ६ बजे देखी बेलुका९ बजे सम्म) | २०० | |
| ४.२ | सामान्य समय (नर्मल समय) प्रति मिनेट | १०० | |

<u>अनुसूची —८</u>

<u>(दफा ९ को बहाल विटौरी कर सँग सम्बन्धित)</u>

| क्र.स. | विवरण | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मेलामा पसल थापे वापत | २,००० | |
| २ | नगरक्षेत्रमा पसल राखे वापत प्रति कोठा प्रति महिना | २,००० | |
| ३ | नगरक्षेत्रमा घुम्ती राखे वापत प्रति महिना | १,००० | |
| ४ | सरकारी स्वामित्वमा रहेका जग्गाहरु भोगचलन गरे वाफत प्रति रोपनी प्रति वर्ष | १५ | |
| ५ | भेरी करिडोर आसपासका जग्गामा प्रति रोपनी | २५ | |

## अनुसूची –९

(दफा ११को सेवा शुल्क दस्तुर सँग सम्बन्धित)

| क्र.स. | विवरण | रकम | कै |
|---|---|---|---|
| **क.** | **सिफारिसः** | | |
| **१** | **घरजग्गा नामसारी सिफारिस** | | |
| | १.१ अंशवण्डा प्रयोजन | ३५० | |
| | १.२ बिक्रि प्रयोजन | १००० | |
| २ | मोही लगत कट्टा सिफारिस | ५०० | |
| ३ | घर कायम सिफारिस | ७५० | |
| ४ | जग्गा मूल्यांकन सिफारिस | १५०० | |
| ५ | जग्गा दर्ता सिफारिस | १००० | |
| ६ | स्वास्थ्य उपचार सिफारिसः | | |
| ६.१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | २०० | |
| ७ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| ८ | कोठा खोल्न रोहवरमा बस्ने कार्य | १००० | |
| ९ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | २०० | |
| १० | छात्रवृत्ति सिफारिस | २०० | |
| ११ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | २०० | |
| १२ | अपांग सिफारिस | २०० | |
| **१३** | **बसोवास** | | |
| १३.१ | अस्थायी र स्थायी बसोवास सिफारिस | १,००० | |
| १३.२ | आन्तरिक बसाईसराई सिफारिस | १,००० | |
| १४ | **नागरिकता** | | |
| १४.१ | नागरिकता सिफारिस | २०० | |
| १४.२ | नागरिकता प्रतिलिपि सिफारिस | ५०० | |
| १४.२ | अंगिकृत नागरिकता सिफारिस | ५००० | |
| १४.३ | नावालक परिचयपत्र सिफारिस | ५०० | |
| १४.४ | नागरिकता संशोधन सिफारिस | ५०० | |
| **१५** | **विद्युत जडान सिफारिस** | | |

| | | | |
|---|---|---|---|
| १५.१ | नक्सा पास भएका | ३०० | |
| १५.२ | नक्सा पास नभएका | ५०० | |
| **१६** | **धारा जडान सिफारिस** | | |
| १६.१ | नक्सा पास भएका | ३०० | |
| १६.२ | नक्सा पास नभएका | ५०० | |
| **१७** | **व्यक्तिगत सिफारिस** | | |
| १७.१ | जीवित रहेको सिफारिस | ५०० | |
| १७.२ | जन्म मिति संसोधन सिफारिस | ५०० | |
| १७.३ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ५०० | |
| १७.४ | पुर्जामा घर कायम गर्न सिफारिस | ७०० | |
| **१८** | **व्यवसाय सम्वन्धी** | | |
| १८.१ | व्यवसाय बन्द सिफारिस | १,००० | |
| १८.२ | व्यवसाय नभएको सिफारिस | १,००० | |
| १८.३ | वडाबाट व्यवसाय दर्ता सिफारिस | ५०० | |
| १८.४ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १,००० | |
| **१९** | **विद्यालय सम्वन्धी** | | |
| १९.१ | कक्षा वृद्धि सिफारिस | ३,००० | |
| १९.२ | विद्यालय कक्षा वृद्धि सिफारिस संस्थागत | ६,००० | |
| १९.३ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | ५,००० | |
| १९.४ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस संस्थागत | १०,००० | |
| १९.५ | व्यक्तिगत विवरण सिफारिस | ५०० | |
| १९.६ | संरक्षक सिफारिस व्यक्तिगत | ५०० | |
| १९.७ | संरक्षक सिफारिस संस्थागत | १,००० | |
| १९.८ | विद्यालय ठाँउसारी सिफारिस | ५,००० | |
| **२०** | **अन्य सिफारिसः** | | |
| २०.१ | आर्थिक अवस्था कमजोर सिफारिस | २०० | |
| २०.२ | चौपाया सम्बन्धी सिफारिस दस्तुर | १००० | |
| २०.३ | अदालत शुल्क मिनाहा सिफारिस | ३०० | |
| २०.४ | उद्योग व्यापार ठाँउसारी सिफारिस | १,००० | |
| २०.५ | वडाबाट योजना सम्वन्धी सिफारिस | ५०० | |
| २०.६ | राजश्व वुझाएको रसिद प्रतिलिपि | ५० | |
| **२१** | **नाता प्रमाणितः** | | |

| | | | |
|---|---|---|---|
| २१.१ | नेपालीमा | २०० | |
| २१.२ | अंग्रेजीमा | ५०० | |
| **२२** | **घरबाटो प्रमाणितः** | | |
| २२.१ | आवशिय क्षेत्रमा | १५०० | |
| २२.२ | कृषि क्षेत्रमा | ५०० | |
| २३ | जन्म, विवाह, अविवाहित र मृत्यू मिति प्रमाणित | ५०० | |
| २४ | घर पाताल प्रमाणित | ५०० | |
| २५ | फरक फरक नामथर वा जन्ममिति प्रमाणित | ५०० | |
| २६ | मञ्जुरीनामा प्रमाणित र मिलापत्र कागज गराउने | १,००० | |
| २७ | संरक्षक प्रमाणित | ८०० | |
| २८ | हकदार प्रमाणित | २००० | |
| २९ | चारकिल्ला प्रमाणित | ५०० | |
| ३० | जग्गाको रेखांकन दस्तुर प्रति कित्ता (अमिन सेवा) | २००० | |
| **३२** | **व्यक्तिगत घटना दर्ता दस्तुर** | | |
| ३२.१ | जन्म, मृत्यू, विवाह, बसाइसराइ र सम्वन्ध विच्छेद दर्ता (३५ दिन पछिको) | २०० | |
| ३३.२ | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई प्रमाणपत्रको नक्कल/प्रतिलिपी दस्तुर | ५०० | |
| ३४.३ | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराईको नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २०० | |
| ३१ | अन्य आवश्यकता अनुसारका सिफारिसदस्तुर | २०० | |
| **३२** | **नयाँ घर नक्सा पास दस्तुर** | | |
| ३२.१ | पहिलो तल्ला | ५ प्रति वर्ग फिट | |
| ३२.२ | दोश्रो तल्ला | ४ प्रति वर्ग फिट | |
| ३२.३ | तेश्रो तल्ला | ३ प्रति वर्ग फिट | |
| **३३** | **पक्की घर अभिलेखिकरण दस्तुर (ढलान्‌आर.सि.सी.)** | | |
| ३३.१ | पहिलो तल्ला | २ प्रति वर्ग फिट | |
| ३३.२ | दोश्रो तल्ला | १ प्रति वर्ग फिट | |
| ३३.३ | तेश्रो तल्ला | ०.५ प्रति वर्ग फिट | |
| **३४** | **कच्ची घर अभिलेखिकरण दस्तुर (टिनको छाना खरको घर र टहरा)** | | |
| ३४.१ | पहिलो तल्ला | १ प्रति वर्ग फिट | |
| ३४.२ | दोश्रो तल्ला | ०.५ प्रति वर्ग | |

| | | | |
|---|---|---|---|
| | | फिट | |
| ३४.३ | तेश्रो तल्ला | ०.२५ प्रति वर्ग फिट | |
| **३५** | **कृषक तथा अन्य समुह** | | |
| ३५.१ | दर्ता शुल्क | १००० | |
| ३५.२ | नवीकरण शुल्क | २५० | |
| ३५.३ | प्रतिलिपी शुल्क | २०० | |
| **३६** | **संस्था र सहकारी** | | |
| ३६.१ | दर्ता नाफामुखी | ५,००० | |
| ३६.२ | दर्ता गैर नाफामुखी | १,००० | |
| ३६.३ | संस्था सूचीकरण शुल्क | ५०० | |
| ३६.४ | दर्ता प्रतिलिपी शुल्क | ५०० | |
| **३७** | **सर्जमिन मुचुल्का दस्तुर** | | |
| ३७.१ | वंशजको नागरिकतामा गरिने सर्जमिन | ५०० | |
| ३७.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का | ५०० | |
| ३७.३ | उद्योग स्थापनाको लागि सर्जमिन | २,००० | |
| ३७.४ | अन्य प्रयोजनको लागि सर्जमिन | ७०० | |
| ३७.५ | व्यवसाय दर्ताका लागि सर्जमिन | १००० | |
| ३७.६ | मुहान दर्ताका लागि सर्जमिन | ८०० | |
| **३८** | **आयश्रोत र घरजग्गा मूल्यांकन प्रमाणित सिफारिस** | | |
| ३८.१ | रु.१ लाखसम्म | १,००० | |
| ३८.२ | रु.१० लाखसम्म | २,००० | |
| ३८.३ | रु. २५ लाखसम्म | ३,००० | |
| ३८.४ | रु. ५० लाखसम्म | ५,००० | |
| ३८.५ | रु. १ करोडसम्म | ८,००० | |
| ३८.६ | रु. १ करोड भन्दा माथि | १०,००० | |
| **३९** | **स्थानीय पूर्वाधार सम्झौता दस्तुर** | | |
| ३९.१ | १ लाखसम्म | ५०० | |
| ३९.२ | १ लाख १ रुपैयाँ देखि ३ लाखसम्म | १,००० | |
| ३९.३ | ३ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १,५०० | |
| ३९.४ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | २,००० | |
| ३९.५ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ३,००० | |

| | | | |
|---|---|---|---|
| ३९.६ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | ५,००० | |
| ३९.७ | ५० लाख १ रुपैयाँ देखि १ करोडसम्म | १०,००० | |
| ३९.८ | १ करोड १ रुपैयाँ देखि माथि | १५,००० | |
| ४० | संघीय र प्रदेश सरकारबाट संचालनमा रहेका योजनाहरुको सम्झौता सिफारिस | | |
| १ | १ लाखसम्म | ५०० | |
| २ | १ लाख १ रुपैयाँ देखि ३ लाखसम्म | १,००० | |
| ३ | ३ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १,५०० | |
| ४ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | २,००० | |
| ५ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ३,००० | |
| ६ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | ५,००० | |
| ७ | ५० लाख १ रुपैयाँ देखि १ करोडसम्म | १०,००० | |
| ८ | १ करोड १ रुपैयाँ देखि माथि | १५,००० | |
| **४१** | **घ वर्गको इजाजत** | | |
| ४१.१ | इजाजत पत्र दस्तुर | ३०,००० | |
| ४१.२ | नामसारी | २०,००० | |
| ४१.३ | नवीकरण | ५,००० | |
| ४१.४ | जरिवाना | १०,००० | |
| ४१.५ | प्रतिलिपि | २,००० | |
| **४१** | **विद्युतीय उपकरण भाडा दस्तुर** | | |
| ४१.१ | प्रोजेक्टर प्रतिदिन | २५० | |
| ४१.२ | साउण्ड सिस्टम प्रतिदिन | २०० | |
| **४३** | **व्यापारिक फर्म सम्वन्धी (व्यापारिक फर्म दर्ता सम्वन्धी कार्यविधि, २०७५ बमोजिम)** | | |
| ४३.१ | व्यापारिक फर्म दर्ता दस्तुर रु ३ लाख सम्मको | २००० | |
| ४३.२ | व्यापारिक फर्म दर्ता दस्तुर रु ५ लाख सम्मको | ३००० | |
| ४३.३ | व्यापारिक फर्म दर्ता दस्तुर रु १० लाख सम्मको | ५००० | |
| ४३.४ | व्यापारिक फर्म दर्ता दस्तुर रु २० लाख सम्मको | ६००० | |
| ४३.५ | व्यापारिक फर्म दर्ता दस्तुर रु २० लाख भन्दा माथिको | ८००० | |
| **४४** | **व्यापारिक फर्म नविकरण सम्वन्धी (व्यापारिक फर्म दर्ता सम्वन्धी कार्यविधि २०७५ बमोजिम)** | | |
| ४४.१ | व्यापारिक फर्म नविकरण दस्तुर रु ३ लाख सम्मको | १००० | |
| ४४.२ | व्यापारिक फर्म नविकरण दस्तुर रु ५ लाख सम्मको | १२०० | |
| ४४.३ | व्यापारिक फर्म नविकरण दस्तुर रु १० लाख सम्मको | १५०० | |
| ४४.४ | व्यापारिक फर्म नविकरण दस्तुर रु २० लाख सम्मको | २००० | |
| ४४.५ | व्यापारिक फर्म नविकरण दस्तुर रु २० लाख भन्दा माथिको | ३००० | |
| **४५** | **सभा हल भाडा प्रतिदिन** बमोजिम) | २५०० | |

| | | | |
|---|---|---|---|
| ४६ | **मुहान दर्ता** (नलगाड जलश्रोत कार्यविधि, २०७५ बमोजिम) | | |
| ४६.१ | खानेपानी र घरेलु उपयोग | १००० | |
| ४६.२ | सिचाई | २००० | |
| ४६.३ | पशुपालन तथा मत्स्यपालन जस्ता कृषि उपयोग | १००० | |
| ४६.५ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | २००० | |
| ४६.६ | जल यातायात | ५००० | |
| ४६.७ | अन्य उपयोग | २००० | |
| ४७ | **उपभोक्ता समिति** (नलगाड नगरपालिका आयोजना व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम) | | |
| ४७.१ | उपभोक्ता समिति दर्ता | | |
| | कुल लागत रु ३ लाख सम्मको आयोजना | २०० | |
| | कुल लागत रु ३ लाख देखि ८ लाख सम्मका आयोजना | ३०० | |
| | कुल लागत रु ८ लाख देखि १५ लाख सम्मका आयोजना | ५०० | |
| | कुल लागत रु१५ लाख देखि २५ लाख सम्मका आयोजना | ८०० | |
| | कुल लागत रु २५ लाख देखि ४० लाख सम्मका आयोजना | १००० | |
| | कुल लागत रु ४० लाख देखि ६० लाख सम्मका आयोजना | १५०० | |
| | कुल लागत रु ६० लाख भन्दा माथिका आयोजना | २००० | |
| ४७.२ | उपभोक्ता समिति नविकरण प्रति वर्ष | १०० | |
| ४८ | न्यायिक दस्तुर | | |
| ४८.१ | उजुरी दर्ता | १०० | |
| ४८.२ | सामान्य मिलापत्र | ५०० | |
| | रु ५ लाख सम्मको मिलापत्र | १००० | |
| | रु १० लाख सम्मको मिलापत्र | २००० | |
| | रु १० लाख भन्दा माथिको मिलापत्र | ५००० | |
| | **करार कर्मचारीको करार नवीकरण सम्वन्धी** | | |
| **क** | **अधिकृत स्तर** | **१०००** | |
| **ख** | **सहायक स्तर** | | |
| | चौथो | ५०० | |
| | पाँचौ | ७०० | |
| ग | **श्रेणी विहिन** | ३०० | |
| **१६** | **जे.सी.वि. भाडा** (यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम) | | |

क. जे.सी.वि. सम्वन्धीः

| *(अपरेटर र इन्धन बाहेक)* | | | | |
|---|---|---|---|---|
| क्र.सं | कामको प्रकार | भाडा दर | | कै |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | १५०० | १०००० | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १८०० | ११००० | |
| *(अपरेटर सहित इन्धन बाहेक)* | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १८००।- | | |
| ४ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | २०००।- | | |
| *(अपरेटर र इन्धन सहित)* | | | | |
| ५ | नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | २५००।- | | |
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | २६००।- | | |

ख.ब्याक हो लोडर अपरेटर तथा सहायकको भत्ता दरः

| क्र.सं. | पद | भत्ता (प्रति घण्टा) | कै |
|---|---|---|---|
| १ | ब्याक हो लोडर अपरेटर | १५०।- | |
| २ | ब्याक हो लोडर सहायक | ५०।- | |

**ग एम्बुलेन्स सेवाः**

| क्र. स. | देखि | सम्म | दर | कै |
|---|---|---|---|---|
| **१.** | **नलगाड नगरपालिका अन्तर्गत ५ कि मि सम्म** | | **१०००** | |
| **२.** | **दल्ली देखि सुर्खेत नेपालगञ्ग सडक खण्ड** | | | |
| २.१ | दल्ली | रिम्ना | २५०० | |
| २.२ | दल्ली | खलंगा | ४००० | |
| २.३ | दल्ली | कुदु | ५००० | |
| २.४ | दल्ली | सल्लीबजार | ७००० | |
| २.५ | दल्ली | मेहेलकुना | ८००० | |
| २.६ | दल्ली | छिन्चु | १०००० | |
| २.७ | दल्ली | वीरेन्द्रनगर | ११००० | |
| २.८ | दल्ली | कोहलपुर | ११५०० | |
| २.९ | दल्ली | नेपालगञ्ज | १२००० | |
| **३** | **दल्ली** | **लखनउ** | **२००००** | |
| **४** | **दल्ली** | **काठमाण्डौ** | **२८०००** | |
| **५** | **दल्ली तल्लुबगर सडक खण्ड** | | | |
| ५.१ | दल्ली | तल्लुबगर | ४००० | |
| ५.२ | दल्ली | चौखा र रोली | ३५०० | |
| ५.३ | दल्ली | रग्दा | ३००० | |
| ५.४ | दल्ली | तात्रगाड | २५०० | |
| ५.५ | दल्ली | मैदे | १८०० | |
| ५.६ | दल्ली | हलचउर | ३००० | |
| **६** | **दल्ली देखि बारेकोट सडक खण्ड** | | | |
| ६.१ | दल्ली | बारेकोट | ६००० | |
| ६.२ | दल्ली | सेपुखोला | ३५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६.३ | दल्ली | लिम्सा | ५००० | |
| ७ | **दल्ली देखि थाप्ला सडक खण्ड** | | | |
| ७.१ | दल्ली | थाप्ला | ३००० | |
| ७.२ | दल्ली | खालचउर खानटाकुरा र सिर्के | २५०० | |
| ८ | **दल्ली कल्पत र करुवा सडक खण्ड** | | | |
| ८.१ | दल्ली | कल्पत र कैना | १५०० | |
| ८.२ | दल्ली | कट्के | २००० | |
| ८.३ | दल्ली | पारी करुवा | २५०० | |
| ८.४ | दल्ली | करुवा | ३००० | |

## अनुसूची –१०

(दफा ११ को स्थानीय पूर्वाधारको कामको दण्ड जरिवाना सँग सम्बन्धित)

| क्र.स. | स्थानीय पूर्वाधारको दण्ड जरिवाना शुल्क (लागत अनुमान अनुसार योजनाको समयावधी थप वापत) | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १,००० | |
| ३ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | २,००० | |
| ४ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ५,००० | |
| ५ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | १०,००० | |
| ६ | ५० लाख १ रुपैयाँ देखि माथि जतिसुकै | १५,००० | |
| ७ | प्रशसनिक दण्ड जरिवाना र जफत शिक्षा शाखा | १०००० | |
| ८ | ठेक्काको म्याद थप वापतको दण्ड जरिवाना | | |
| १ | कुल लागतको | ०.००३ प्रतिशत | |

## अनुसूची –११

(दफा १२ को खानी तथा खनिज शुल्क सँग सम्बन्धित)

| क.स. | विवरण | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | काइनाइट खानी खोजतलासको सिफारिस | १०,००० | |
| २ | काइनाइट खानी उत्खननको सिफारिस | २०,००० | |
| ३ | काइनाइटनिकासी प्रति किलोग्राम | १,००० | |
| ४ | ढुङगा खानी उत्खनन स्वीकृति | १०,००० | |
| ५ | ढुङगा खानीबाट ढुङगा निकासीप्रति टिप्पर | ८०० | |
| ६ | ढुङगा खानीबाट ढुङगा निकासीप्रतिटेक्टर | ३०० | |
| ७ | गिट्टी,बालुवा खानी उत्खनन स्वीकृति | १०,००० | |
| ८ | गिट्टी, बालुवा खानीबाट निकासीप्रति टिप्पर | १,००० | |
| ९ | गिट्टी, बालुवा खानीबाट निकासीप्रति टेक्टर | ५०० | |
| १० | क्रसर उद्योग संचालन अनुमति | १०,००० | |
| ११ | क्रसर उद्योग कर प्रतिएकाइ | ५,००० | |
| १२ | प्रति स्लेट ढुंगा निकासी | ५० पैसा | |

## अनुसूची –१२

## (दफा १३ को सामुदायिक बनबाट आय प्राप्त गर्ने सँग सम्बन्धित)

| क्र.स. | विवरण | कायम दर | कैफियत |
|---|---|---|---|
| १ | वनपैदावार विक्रि वापत कुल रकमको | १० प्रतिशत | |

## अनुसूची –१३

(दफा १४ को पार्किङ्ग शुल्क सँग सम्बन्धित)

| क्र.स. | सवारी साधनको विवरण | पार्किङ्ग शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल प्रति दिन | ३० | |
| २ | रिक्सा, अटो रिक्सा, ई–रिक्सा प्रति दिन | ५० | |
| ३ | कार, जीप प्रति दिन | १०० | |
| ४ | बस, मिनिबस प्रति दिन | १५० | |
| ५ | ट्रक प्रति दिन | २०० | |
| ६ | लोडर, हेभि इक्वीप्मेन्ट प्रति दिन | २५० | |

नलगाड नगर सभाद्धारा पारित आर्थिक वर्ष २०८२/०८३ को नलगाड नगरपालिकाको आर्थिक ऐन, २०८२ गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम सभाध्यक्ष श्री डम्बर बहादुर रावतबाट प्रमाणिकरण गरिएको छ ।

प्रमाणिकरण गर्नेः

नामः- डम्बर बहादुर रावत

पदः- सभाध्यक्ष

मितिः२०८२।०३।२२

पृष्ठ संख्याः-२६

दस्तखतः-